त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

**वार्षिक परीक्षा प्रणाली अन्तर्गत विज्ञान तर्फ स्नातकोत्तर तह प्रथम तथा दोश्रो वर्षको मौका परीक्षांको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अन्तर्गत २०७४ सालमा संचालन गरिने मौका परीक्षाको लागि २०५८ सालमा प्रथम वर्षमा भर्ना भई २०५९ सालमा प्रथम वर्ष पहिलो पटक परीक्षा दिई ६ वर्ष नाघी उत्तीर्ण हुन नसकेका मानविकी तर्फको गणित र तथ्यांक शास्त्र विषय समेत गरी विज्ञान तर्फ स्नातकोत्तर तह प्रथम तथा दोश्रो वर्ष ( गणित प्राइभेट समेत ) को परीक्षार्थीहरुलाई २०७४ सालमा अन्तिम पटकका लागि मौका परीक्षा दिलाउने निर्णय त्रि.वि.ले गरेकोले त्यस्ता परीक्षार्थीहरुले २०७४ साल फागुन १० गते सम्म परीक्षा आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित परीक्षार्थीहरुले आ-आफ्नो केन्द्रीय विभाग, क्याम्पस, कलेजहरुमा र प्राइभेट परीक्षार्थीहरुले यस कार्यालयमा उपरोक्त मिति भित्र परीक्षा फाराम बुझाउनु पर्नेछ । सम्बन्धित केन्द्रीय विभाग, क्याम्पस र कलेजहरुले फारामहरु रुजु गरी मिति २०७४ साल फागुन १३ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ । विस्तृत जानकारीको लागि यस कार्यालयको WebSite www.tuiost.edu.np बाट हेर्न सकिने छ ।

**१. परीक्षा दिन पाउने योग्यता :**

क) परीक्षा आवेदन फाराममा त्रि.वि. अन्तर्गतका नियमहरु तथा पाठ्‍क्रमले तोके बमोजिमका विषय मात्र भर्न भराउन पर्ने छ र परीक्षा पनि सोही अनुसार दिनु पर्नेछ । अन्यथा हुन गई परीक्षा रद्द भएमा वा ट्रान्सक्रिप्ट लिनबाट बन्चित हुन गएमा परीक्षार्थी स्वयंम वा केन्द्रीय विभाग, क्याम्पस र कलेजहरु नै जिम्मेवार हुने छन् ।

ख) प्रथम वर्षको मौका परीक्षा दिन परीक्षा आवेदन फाराम भर्नेले प्रथम वर्षको र दोश्रो वर्षको मौका परीक्षा दिन परीक्षा आवेदन फाराम भर्नेले दोश्रो वर्षको लब्धांक पत्रको फोटोकपी अनिवार्य फाराम साथै पेश गर्नु पर्नेछ ।

**२. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित क्याम्पस / कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :**

**क) प्रथम तथा दोश्रो वर्षको मौका परीक्षा दिने विद्यार्थीहरुको परीक्षा फाराम एउटै फाराममा भरी पठाउनु पर्ने छ ।**

ख) म्याद नाघि आएका फाराममा विलम्ब शुल्क लाग्ने भएकोले तोकिएको म्याद भित्र यस कार्यालयमा आई पुग्ने गरी परीक्षा फाराम भराई पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

ग) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत परीक्षार्थी संख्या (Subjectwise-data) परीक्षा आवेदन फाराम साथ पठाउनु पर्नेछ ।

घ) परीक्षा आवेदन फाराम साथ विद्यार्थीहरुबाट उठाईएको परीक्षा शुल्क, केन्द्र शुल्क, र परीक्षा आवेदन फाराम शुल्कको कोलम बनाई पठाउनु पर्नेछ ।

ङ) परीक्षा आवेदन फाराममा भरेका आवश्यक विवरणहरु ठीकसंग उल्लेख भए नभएको रुजु गर्नु पर्नेछ ।

- त्रि.वि.दर्ता नं र सो अनुसार फाराममा नाम भर्नु पर्नेछ ।
- विद्यार्थीहरुले प्रथम पटक परीक्षा दिएको रोल नं., वर्ष र अन्तिम पटक दिएको परीक्षा रोल नं., वर्ष अनिवार्य रुपमा फाराममा उल्लेख गरेको हुनु पर्नेछ ।
- प्रयोगात्मक र शैद्धान्तिक विषयहरु फाराममा बेग्ला बेग्लै उल्लेख गरेको हुनु पर्नेछ ।

३. **परीक्षा शुल्क** :

| | नियमित | प्राइभेट |
|---|---|---|
| क. प्रति खण्ड शुल्क | ७२५।- | १,५००।- |
| ख परीक्षा आवेदन फाराम शुल्क | १००।- | १००।- |
| ग. केन्द्र शुल्क प्रति खण्ड | १५०।- | १५०।- |

४. **विलम्ब शुल्क** :

परीक्षा फाराम भर्ने म्याद सकिएको मितिले एक हप्ता सम्म प्रति खण्ड दोब्बर शुल्क तिरी परीक्षा फाराम भर्न सकिने छ।

५. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा** :

क) काठमाडौं उपत्यका भित्रका केन्द्रीय विभाग । क्याम्पस । कलेजहरु र उपत्यका वाहिरका क्याम्पसहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई विज्ञान डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडको चल्ती हिसाब नं. ०४५००१०००९९१०७००००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ।

ख) प्राइभेट परीक्षार्थीहरुले परीक्षा शुल्क वापत बुझाउनु पर्ने रकम कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको विज्ञान डीनको कार्यालयको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००००१ मा रकम जम्मा गरी सो को भौचर फाराम साथ पेश गर्नु पर्नेछ।

६. **परीक्षा केन्द्र : पछि तोकिने छ।**

द्रष्टव्य :-

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने व्यवस्था गर्ने।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ। साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैले नै पुरा दस्तखत गर्नु पर्दछ। अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन।
* प्रथम वर्षको मौका परीक्षा २०७४ साल फागुन महिनाको अन्तिम हप्ता र दोश्रो वर्षको मौका परीक्षा २०७४ साल चैत महिनाको तेश्रो हप्तावाट संचालन हुने छ।

२०७४।१०।९

डीन